मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १७ गते शनिबार ❑ 31 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्रको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

गण्डकी प्रदेश सरकारअन्तर्गत सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय मातहतको दीर्घकालिन पुनर्स्थापना केन्द्रको औपचारिक रूपमा उद्घाटन गरिएको छ।

पोखरा ३३ पुष्पवस्तीमा रहेको उक्त पुनर्स्थापना केन्द्रको उद्घाटन गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गरेका हुन्।



मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले सामाजिक न्याय र मानविय मर्यादालाई उच्च प्राथमिकतामा राख्दै सेवा प्रवाहमा ध्यान केन्द्रित गरिरहेको बताए। "यो केन्द्र गण्डकी प्रदेशको सामाजिक रुपान्तरणको अभियानमा कोशेढुङ्गा सावित हुनेछ।", उनले भने। प्रदेश सरकारको ७० % र पोखरा महानगरको ३०% लगानीमा उक्त केन्द्र संचालन हुने भनाई उनको छ। "संचालनको स्पष्ट मोडालिटी नहुँदा अहिलेसम्म समस्या भएको थियो। अब त्यस्तो समस्या छैन। पुनर्स्थापना केन्द्र संचालनका लागि स्पष्ट कार्यविधि बनाइएको छ। सोहिअनुसार संचालन हुनेछ।", उनले भने। मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले ८४ वटै पालिकामा न्यायिक सहजकर्ता पठाइसकेको उल्लेख गरे। अब मनोसामाजिक परामर्शदाता पनि पालिकासँग सहकार्य गरेर पठाउने सुरुवात भएको उनको भनाई छ। आत्महत्या दर शून्यमा झार्ने लक्ष्य सहित प्रदेश सरकार लागि रहेको उनले बताए। राज्यले अभिभावकत्व ग्रहण गर्दै पुनर्स्थापना कार्यक्रमलाई अगाडि बढाउने कुरामा विश्वस्त हुन उनको आग्रह छ।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्रको उद्घाटन आफ्नो कार्यकालको महत्वपूर्ण कार्य भएको बताए। पुर्नस्थापना केन्द्र संचालनमा गण्डकी सरकारबाट कुनै समस्या नरहने र बजेट व्यवस्थापन समेत त्यहिअनुरुप हुने उनले जानकारी गराए। हिंसापिडित महिलाहरुलाई कम्तीमा ६ महिना र बढीमा २ वर्ष सम्म राख्ने व्यवस्था मिलाउने गरी पुर्नस्थापना केन्द्र संचालनमा आएको मन्त्री थापाले बताएका छन्। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले फण्डकै कारण योजनाहरू अलपत्र पर्नु नहुने बताए।

प्रदेश सरकारले नेतृत्व गर्ने गरी, महानगर र प्रदेश सरकार मिलेर भौतिक पूर्वाधारदेखि मनोपरामर्शसम्मको सेवामा सहकार्य गर्ने भनाई उनको छ। कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले एकद्वार प्रणालीबाट संचालन हुनेगरी सामूहिक प्रयासमा केन्द्र अगाडि बढ्नुपर्ने धारणा राखे। प्रमुख सचिव शोभाकान्त पौडेलले दीर्घकालीन रूपमा स्थायी संस्था निर्माण गरी रिजल्ट दिने ढंगले अगाडि बढ्नुपर्ने औंल्याए।

कार्यक्रममा कोपिला नेपालकी विना सिलवालले घरपरिवार र समाजबाट समस्या भोगेका छोरीहरूको संरक्षण गृह हुनुपर्छ भन्ने उद्देश्यले आफुहरु लागेको र त्यसले सार्थकता पाएको बताइन्। "संरचना तयार भए पनि कार्यान्वयन हुन नसक्नु दुःखद थियो। तर अब सरकार संवेदनशील बनेको आभाष भएको छ।", उनले भनिन्।

पुनर्स्थापना केन्द्र संचालनका लागि २०७५ सालमै पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारबीच समझदारी भए तापनि कार्यान्वयनमा ढिलाइ हुँदै आएको थियो। सामाजिक विकास मन्त्री विन्दुकुमार थापाको विशेष पहलमा उक्त केन्द्र अहिले संचालनमा आएको हो। केन्द्रको उद्धाटनसँगै अहिले घर-परिवार तथा समाजबाट समस्या भोगेका छोरीहरू, मानसिक स्वास्थ्य समस्या भोगिरहेका व्यक्ति तथा दुर्व्यसनमा फसेकाहरूको दीर्घकालीन पुनर्स्थापनाको थालनी हुने विश्वास गरिएको छ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका सांसद भीम कार्की, रेखा गुरुङ, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव नवराज ढकाल, पोखरा ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारी लगायतले बोलेका थिए। समाजमा दीर्घकालीन पुनर्स्थापनाको आवश्यकता र यसको प्रभावकारितालाई मध्यनजर गर्दै उद्धाटन भएको यो केन्द्र गण्डकी प्रदेशका लागि मात्र नभई समग्र नेपालको पुनर्स्थापना र मानसिक स्वास्थ्य क्षेत्रमा एक महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

## बजेटमा समेटिएका गण्डकीका योजना

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

सरकारले ल्याएको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रममा गण्डकी प्रदेशका महत्त्वपूर्ण योजना समेटिएका छन्। उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार सङ्घीय ससंद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको बजेटमा यहाँका ठूला पूर्वाधार आयोजनादेखि पर्यटन प्रवर्द्धनसम्मका कार्यक्रम समावेश छन्।

पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक चार लेनमा विस्तार गर्ने कार्य आगामी वर्षभित्र सम्पन्न गर्न रु आठ अर्ब ५२ करोड बजेट विनियोजन गरिएको अर्थमन्त्री पौडलले उल्लेख गर्नुभयो। पर्यटन प्रवर्द्धन तथा आर्थिक क्रियाकलापका दृष्टिले महत्त्वपूर्ण मानिएको पोखरा-बुटवल जोड्ने सिद्धार्थ राजमार्गलाई डेडिकेटेड दुई लेनमा विस्तार तथा स्तरोन्नति गरिने भएको छ। सालझण्डी-ढोरपाटन सडक निर्माणलाई पनि तीव्रता दिइने उल्लेख छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई पर्यटकीय हबका रूपमा विकास गरिने अर्थमन्त्री पौडेलले बताउनुभयो। वीरेठाँटी-मुक्तिनाथ केबलकार निर्माणका लागि निजी क्षेत्रलाई सहजीकरण गरिने बजेटमा उल्लेख छ। हिमालपारिको जिल्ला मुस्ताङमा उच्च पर्वतीय खेलकुद रङ्गशाला निर्माण गरिने भएको छ। लामो समयदेखि चर्चामा रहेको ढोरपाटनकोउत्तरगङ्गाजलाशयुक्त जलविद्युत् आयोजनाको लगानी ढाँचा निर्धारण गरी निर्माणकार्य सुरु गरिने अर्थमन्त्री पौडेलले उल्लेख गर्नुभयो। बुढीगण्डकी जलविद्युत् आयोजना सार्वजनिक-निजी साझेदारीमा निर्माण गरिने भएको छ। उक्त आयोजना सरकारले गरेको लगानीलाई सेयरमा परिणत गरिने अर्थमन्त्री पौडेलले बताउनुभयो। यस्तै तनहुँको सेती जलविद्युत् आयोजना सरकारको लगानीमा निर्माण गरिने बजेटमा उल्लेख छ। सम्भाव्यता अध्ययन भइसकेको कास्कीको हेम्जाबाट नयाँ पुलसम्मको सुरुङमार्ग निर्माणका लागि स्रोत व्यवस्थापन गरिने जनाइएको छ।

मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत पर्ने यस क्षेत्रका आकर्षक गन्तव्यस्थलमा पर्यटकीय पूर्वाधार निर्माण गरिने भएको छ। कालीगण्डकीलगायत नदीमा जलविहारलगायत पर्यटन प्रवर्द्धनका क्रियाकलाप सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने अर्थमन्त्री पौडेलले बताउनुभयो। प्रसिद्ध धार्मिकस्थल मुस्ताङको मुक्तिनाथमा पदमार्गलगायत पर्यटकीय पूर्वाधार निर्माण गरिने बजेटमा उल्लेख छ।

## विद्युत् नियमित आपूर्तिको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

पोखरा पर्यटन परिषद्ले पर्यटकीय नगरी पोखरामा पटकपटक विद्युत् अवरुद्ध हुँदा समस्या परेकाले नियमित विद्युत् आपूर्तिको मागसहित विद्युत् प्राधिकरण मालेपाटनमा ध्यानाकर्षण गराएको छ।

परिषद्का अध्यक्ष तारानाथ पहारी नेतृत्वको टोलीले आज विद्युत् प्राधिकरण मालेपाटन शाखाका प्रमुख जितेन्द्र यादवलाई भेटी ध्यानाकर्षणपत्र बुझाएको हो।

पोखरालाई स्वच्छ, सफा, उज्यालो बनाई गुणस्तरीय सेवामा विश्वसामु छुट्टै चिनारी दिनु साझा दायित्व भएको ध्यानाकर्षणपत्रमा उल्लेख


बाँकी अन्तिम पृष्ठमा ▶▶


## सरकारले नयाँपुल-हेम्जा सुरुङमार्ग निर्माण अघि बढाउने

**पोखरापत्र संवाददाता**
पर्वत, १६ जेठ

सरकारले मध्यपहाडी राजमार्गको नयाँपुल-हेम्जा खण्डमा सुरुङमार्ग बनाउने भएको छ।

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीवार सार्वजनिक गर्नुभएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा नयाँपुल-हेम्जा सरुङमार्गको काम अघि बढाइने उल्लेख गर्नुभएको हो। सम्भाव्यता अध्ययन सम्पन्न भइसकेका सुरुङमार्ग निर्माणका लागि स्रोत सुनिश्चित गर्ने र निर्माण कार्यलाई अघि बढाउने योजनाअन्तर्गत नयाँपुल-हेम्जा पनि प्राथमिकतामा परेको हो। योसँगै अध्ययन सम्पन्न भएका सुरुङमार्गहरू दुम्कीबास-बर्दघाट, खुर्कोट-चियाबारी, बबई-छिन्चु, मझिमटार-शक्तिखोर, कुलेखानी-भीमफेदी र धरान-लेउतीको निर्माणका लागि स्रोत व्यवस्थापन र अन्य तयारी अगाडि बढाइने बजेटमा उल्लेख गरिएको छ। यसैगरी, टोखा-छहरे, शिवपुर-भालुवाङ, रानीघाट-भुरिगाउँ, दोलालघाट-चर्नावती र हात्तीसार-बबई सुरुङमार्गको सम्भाव्यता अध्ययन सम्पन्न गरिने पनि बजेटमा उल्लेख गरिएको छ। उक्त सुरुङमार्गको आर्थिक वर्ष २०७९/८० को बजेटमै स्वीकृति प्रदान गरी सम्भाव्यता अध्ययन पूरा भएको थियो। साबिक धौलागिरि अञ्चलका चार जिल्लाको राष्ट्रिय राजमार्ग र प्रदेश राजधानीसँग प्रत्यक्ष जोड्ने एक मात्र सडकका रूपमा रहेको पोखरा-बागलुङ सडकमा सुरुङमार्ग बनाउन विगत एक दशकदेखि पर्वत उद्योग वाणिज्य सङ्घले पहल गर्दै आएको थियो।

धौलागिरि क्षेत्र पर्यटकीय हिसाबले अत्यन्त महत्वपूर्ण र छिमेकी मुलुक चीनको कोरल्ला नाकासँग समेत जोडिएको र पर्यटन प्रवर्द्धनका हिसाबले प्रशस्त सम्भावना बोकेको क्षेत्रलाई पोखरासँग प्रत्यक्ष जोड्नका लागि पर्वत उद्योग वीणिज्य सङ्घको पहलमा यसअघि पनि छलफल र बहस हुँदै आएको थियो भने मन्त्रालयमा ध्यानाकर्षणपत्र समेत बुझाइएको थियो। प्रदेश तथा पर्यटनको राजधानी पोखरासँग पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङलाई सिधा जोड्न सकियो भने राष्ट्रिय, अन्तरराष्ट्रिय व्यापार प्रवर्द्धन मात्र होइन, ढुवानी र समयको समेत बचत हुने र ओझेलमा परेको धौलागिरिमा नै आर्थिक क्रान्तिको ढोका खुल्न सक्ने भएकाले उक्त कार्य आवश्यक देखिएको पर्वत उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुर वि पौडेलले बताउनुभयो।

पर्वतको कुश्मादेखि पोखरासम्म ५८ किलोमिटर रहेको छ। अब निर्माण हुने नयाँपुल-हेम्जाको दूरी झन्डै ४० किलोमिटर रहेको छ। तर सुरुङमार्ग निर्माणपछि सात किलोमिटरको दूरीमा जोडिने भएको छ। उक्त सुरुङमार्ग निर्माणपछि पोखरामा दिनहुँ भित्रिने हजारौं पर्यटकलाई आकर्षण गर्न सकिने भएकाले, भारत र चीनको व्यापारिक मार्गका रूपमा रहेको कालीगण्डकी करिडोरसँग सिधा सम्पर्क राख्न सकिने र धार्मिक महत्व बोकेको मुक्तिनाथसँग पोखरालाई जोड्न तथा कालीगण्डकी जलयात्राका लागि पर्यटकहरूलाई भित्र्याउन सहज हुने भएकाले उक्त सुरुङमार्ग अत्यावश्यक भएको प्रतिनिधिसभा सदस्य पदम गिरीले बताउनुभयो।


### सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
- सडक पेटीबाट हिडौं,
- रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
- चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं-नगराऔं,
- सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
- भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं-नगराऔं,
- सडकमा जथाभावी नहिडौं-नहिडाऔं,
- पशु चौपायाहरुलाई सडकमा नछाडौं,
- अशक्त, वालवालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# खेलकुदमा दोब्बर बजेट आउनु खेल क्षेत्रमा उत्साह थपेको छः सदस्य सचिव घिसिङ

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ

राष्ट्रिय खेलकुद परिषद (राखेप) का सदस्य सचिव टंकलाल घिसिङले खेलकुदको बजेट दोब्बरले बृद्धि हुनु खेलकुद क्षेत्रमा थप उत्साह बढाएको बताउनु भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले शुक्रबार पोखरा रंगशालाको मिडिया सेन्टरमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उहाँले आफुहरुलाई यस बर्ष करिब ३ अर्बको बजेट सिलिङ माग भए पनि बजेट दोब्बरले बढी आउनु निकै खुसि र यस क्षेत्रमा उत्साह बढाएको बताउनु भएको हो।




पोखरा रंगशाला सहित पोखरा क्षेत्रमा खेलकुदका भौतिक संरचना निर्माण एवं मर्मत संहारमा देखिने गरी केही बजेट नआए पनि कतिपय योजनाहरु रातो कितावमा हुने त केही अबण्डा भएकोले सबै योजनाहरु बजेटमा समेटिन नसकेको उहाँको भनाई थियो। सन् २०२७ मा हुने यू-१९ महिला विश्व कप क्रिकेटका केही खेल पोखरामा संचालन गर्न पनि सरकारले पोखरा रंगशालाको क्रिकेट मैदानको लागि आउदो बजेटमा बजेट विनियोजन भएको राखेप सदस्य सचिव घिसिङले जनाउनु भयो। चालु आर्थिक बर्षमा पोखरा रंगशालाको क्रिकेट मैदानमा चेनिजङ रुम, प्यारापिट सहितको भौतिक संरचना गर्न १ करोड बजेटको काम हाल जारी रहेको उल्लेख गर्दै उहाँले आउँदो बर्षको लागि तीन गुणा (३ करोड) बजेट प्रस्ताव गरेको बताउनु भयो। उक्त विश्वकप नेपाल र बङ्गलादेशमा हुँदैछ। विश्वकपका ८ टोलीका खेल नेपालमा हुनेछन्। चालु आर्थिक बर्षमा संघिय सरकारले खेलकुद क्षेत्रमा ३ अर्ब ५० करोड बजेट विनियोजन गरे पनि आउदो बर्षको लागि भने करिब दोब्बरले ६ अर्ब ८ करोड बजेट विनियोजन भएको बजेटमा उल्लेख छ।

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आफुले चाहेर मात्र नभई वोर्डको बैठक समयमै बस्न नसक्दा हुन नसकेको उहाँले बताउनु भयो। राखेपमा २ सय ३२ भन्न बढी खेल संघहरु राष्ट्रिय खेल संघको मान्यता लिन आए पनि ६२ वटालाई मात्र राष्ट्रिय खेल संघको मान्यता दिएको घिसिङले जनाउनु भयो। पछिल्लो समयमा नेपाली खेलकुद व्यवसायीक तर्फ उन्मुख भएको दाबी गर्दै खेलाडीले बर्षमा २२ लाखसम्म आम्दानी गर्न सफल भएको उहाँको भनाई थियो। राखेप सदस्य सचिव घिसिङले पोखरा रंगशालाको फुटवल स्टेडिएम तथा क्रिकेट मैदान अवलोकन गर्नु भएको थियो।

# जनप्रियमा जलवायु परिवर्तनको असर र रोकथामसम्बन्धी गोष्ठी

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ

जनप्रिय बहुमुखी क्याम्पसको आयोजना र विश्वविद्यालय अनुदान आयोग युजिसीको सहयोगमा "जलवायु परिवर्तनको असर र यसको रोकथाम" विषयक एक दिवसीय गोष्ठी क्याम्पसको सभाहलमा शुक्रबार सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि एवम् क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले जलवायु परिवर्तनले मानव समाजमा गम्भीर असर पारेको चर्चा गर्दै रोकथामका लागि उपाय अवलम्बन गर्न क्याम्पसका शिक्षक र विद्यार्थीहरूमा चेतना अभिवृद्धिका लागि गोष्ठीको महत्व रहने बताए।

क्याम्पस प्रमुख कृष्णबाबु बरालले स्वागत मन्तव्य राख्दै वातावरण संरक्षणमा शिक्षण संस्था र विद्यार्थीको सक्रिय सहभागिताले जलवायु परिवर्तन र यसले निम्त्याएका समस्याबारे समुदायमा सचेतना पुग्ने विश्वास गर्दै शिक्षा, अनुसन्धान र सामाजिक चेतनाको अभिवृद्धिमा निरन्तर काम गर्दै जाने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा विज्ञका रूपमा गण्डकी प्रदेश नीति




तथा योजना आयोगका पूर्व सदस्य डा. सुवास अधिकारीले जलवायु परिवर्तनको वैज्ञानिक पृष्ठभूमि, विश्वव्यापीकरण, दक्षिण एसिया, नेपाल र गण्डकी प्रदेशको सन्दर्भमा यसको प्रभाव, असर र निवारणका उपायबारे विस्तृत जानकारी प्रस्तुत गर्दै भने, "जलवायु परिवर्तनको वास्तविक प्रभाव बुझ्न कम्तीमा ३० वर्षको तथ्याङ्कको विश्लेषण आवश्यक हुन्छ।" डा. अधिकारीले जनसंख्या वृद्धिदर, औद्योगिक विकास, हरितगृह ग्यास उत्सर्जन, बाढी, पहिरो, डुवान, अतिवृष्टि, अनावृष्टि, हिमालमा हिउँ पग्लनु, हिमनदी फुट्नु, तापक्रम वृद्धि, समुद्री सतह उकासिनु, वातावरणीय प्रतिकूलता जस्ता जलवायु सम्बन्धी असरहरूको तथ्यपरक विश्लेषणको प्रस्तुति राख्दै न्युनीकरण गर्ने उपाय र अनुकुलित कसरी हुने भन्ने बारेमा चर्चा गरेका थिए।

उनले पेरिस सम्झौता, जलवायु वित्त, दीगो विकास लक्ष्य, तेस्रो ध्रुवको सन्दर्भ र जलवायु परिवर्तनमा नेपालको जोखिमयुक्त अवस्था, विश्वमा चौथो स्थानमा रहेको हुँदा रोकथामका लागि सामुदायिक क्याम्पस र विद्यार्थीको भूमिका अहम हुने बताए।

कार्यक्रममा १ सय २५ जना शिक्षक तथा विद्यार्थीको उपस्थिति रहेको थियो। सहभागीका प्रश्न र जिज्ञासालाई डा. अधिकारीले सम्बोधन गरेको उपप्रशासक एकनारायण अर्यालले जानकारी दिए। क्याम्पस प्रमुख कृष्णबाबु बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सहायक क्याम्पस प्रमुख नवीनराज खनालले गरेका थिए।

# 'अन्नपूर्ण डे' मनाउन आएका फ्रान्सेली नागरीकलाई पोखरामा स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ

पर्वतारोही मौरिस हर्जोगको सम्झनामा फ्रान्सेली कलाकार टोलीले म्याग्दीको अन्नपूर्ण आधार शिविरमा सांगीतिक प्रस्तुती दिने भएका छन्।

सोही सफलताको सम्झनामा फ्रान्सेली सांगीतिक टोली नेपाल आएको छ। उक्त टोली शुक्रबार पोखरा आइपुगेको छ। मौरिस हर्जोगका छोरा म्याथिएस इम्यानुएल म्याक्सिमिलेन र नाती सिमोन ज्याक्युस, फ्रान्सेली पर्वतारोहण अनुसन्धानकर्ता र सांगीतिक टोली गरी १४ जनाको टोली पोखरा आएको छ।



टोलीको पोखरा विमानस्थलमा भव्य स्वागत गरिएको छ। नेपाल पर्यटन बोर्डकोका प्रमुख मणि राज लामिछाने, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य लगायतका पर्यटन अगुवाहरुले उनिहरुलाई स्वागत गरेका थिए। अन्नपूर्ण हिमाल आरोहणको दिवस हिरक जयन्तीमा फ्रान्सेली कलाकार समूहले शुक्रबार पोखराको फेवाताल वाराहि घाट र आधार शिविरमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने टान अध्यक्ष आचार्यले जानकारी दिए।

मौरिस हर्जो विश्वमै ८ हजार मिटरभन्दा अग्लो हिमाल आरोहण गर्ने पहिलो फ्रान्सेली आरोही हुन्। सन् १९५० जुन ३ तारिखमा हर्जोग र लुइस लचेनले अन्नपूर्ण आरोहण गरेर इतिहास रचेका थिए। हर्जोगले पाएको सोही सफलताको सम्झनामा अन्नपूर्ण अधार शिविरमा फ्रान्सेली कलाकार टोली त्यस तर्फ जान लागेका हुन्।

# माउन्ट अन्नपूर्णमा एसइई बास्केटबल प्रतियोगितमा ५ खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ

पोखराको ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालयमा पाचौं माउन्ट अन्नपूर्ण एसइई बास्केटबल प्रतियोगितामा शुक्रवार ५ खेल सम्पन्न भएका छन्।

पहिलो खेलमा मर्दिखोलालाई बेनपाले पराजित गरेको छ। दोस्रो खेलमा घान्द्रुकले जेपिटीलाई पराजित गरेको थियो। यस्तै, तेस्रो खेलमा वियुजीले टिजी ब्रदर्शलाई पाखा लगाउन सफल भयो। चौथो खेलमा गलेश्वर ह्वाइटले त्रिशक्तीलाई पाखा लगायो भने,अन्तिम खेलमा बि थर्टिन बिलाई बेनपाले पराजित गरेको खेल संयोजक अशोककुमार शाहीले जानकारी दिए। प्रतियोगिता अन्तरर्गत शनिवार सेमिफाइनल र फाइनल खेल हुने संयोजक शाहीले जनाए। कुल




२० टिमको सहभागिता रहेको प्रतियोगितामा छात्र तर्फ प्रथम हुनेले २० हजार, दोस्रो हुनेले १० हजार सहित क्रमस मेडल, टफ्रि र प्रमाणपत्र प्राप्त गर्ने छन् भने प्रतियोगितामा छात्रा तर्फ प्रथम हुनेले १५ हजार,दोस्रो हुनेले ८ हजार सहित क्रमस मेडल, टफ्रि र प्रमाणपत्र प्राप्त गर्ने छन्। यस्तै प्रतियोगितामा मष्ट भ्यालुएबल छात्र,छात्राले दुई,दुई हजार प्राप्त गर्दा टप स्कोररले छात्र,छात्राले एक,एक हजार रुपैँया प्राप्त गर्ने छन्।

यसै बिच बिद्यालयले यहि अबधिमा पहिलो पटक निशुल्क होटेल म्यानेजमेन्ट वर्कसपलाई पनि जारी राखेको छ। जस अन्तरर्गत होटेल म्यानेजमेन्ट तर्फ हाउस किपिङ, कफि वारिष्टा, वार, किचेन प्राक्टिस र बेकरीको प्रत्यक्ष अभ्यासमा करिव १०० जना विद्यार्थीको सहभागिता रहेको छ।

# बाख्राको दूधबाट चिज बनाएर आम्दानी गर्दै गुरुङ

पोखरापत्र संवाददाता
स्याङ्जा, १६ जेठ

यहाँका एक किसानले बाख्राको दूधबाट चिज बनाएर आम्दानी गर्न थालेका छन्। भिरकोट नगरपालिका-८ ओकादीका डिलबहादुर गुरुङले सानन जातको बाख्राको दूधबाट बनाएको चिज बिक्रीबाट लाखौँ आम्दानी गरिरहनुभएको हो।

उहाँले विसं २०७० मा 'जुना बाख्रापालन फर्म' दर्ता गरी व्यवसाय सुरु गर्नुभएको थियो। पछिल्लो समय गुरुङले दूधबाट चिज उत्पादन गरिरहनुभएको छ। यहाँ अन्य किसानले पनि गाईभैँसीको दूधबाट चिज उत्पादन गरिरहेका बेला ओकादीका गुरुङले भने जिल्लामै पहिलो पटक बाख्राको दूधबाट चिज उत्पादन गर्नुभएको हो। गुरुङको फर्ममा हाल सानाठूला गरी ५२ वटा बाख्रा छन्।

यी स्थानीय खरी जातको माउ र विदेशी सानन जातको बोकाबीचमा क्रस गराइएका बाख्राहरू हुन्। तीमध्ये १६ वटाले करिब १० लिटर दूध दिन्छन्, त्यसबाट दैनिक डेढ केजीसम्म चिज उत्पादन हुने गरेको छ। यसरी दिनहुँ उत्पादन हुने चिजलाई हरेक साताको एकदिन बजारीकरण गरिरहेको गुरुङले जानकारी दिनुभयो।



"यहाँ उत्पादन भएको चिज पोखराका ठूला होटलहरूमा बिक्री गरिरहेको छु। प्रतिकेजी रु दुई हजारका दरले चिज बिक्री हुने गरेको छ। सुरुमा केही समस्या भए पनि पछिल्लो केही महिनायता मासिक १५० केजी चिज बिक्रीबाट रु तीन लाखसम्म आम्दानी गरिरहेको छु", उहाँले भन्नुभयो,"चिजको माग उच्च छ, पुऱ्याउनै सकिएको छैन। उत्पादन वृद्धि गर्नका लागि दुधालु बाख्रा थप्ने तयारीमा छु।"

बाख्राको दूधबाट चिज बनाउने सीप गुरुङले तनहुँको बन्दीपुरमा सिक्नुभएको थियो। त्यहाँ सिकेको सीपलाई घरमै प्रयोगात्मक अभ्यास गर्दै उहाँ व्यावसायिक उत्पादन गर्न थालेको बताउनुभयो। हाल उत्पादन भएको चिजलाई थप गुणस्तरीय बनाउने, प्याकेजिङ सुधार र ब्रान्डिङ गर्ने काम भइरहेको गुरुङले बताउनुभयो।

विगतमा भारतमा वायरिङसम्बन्धी काम गर्दै आउनुभएका गुरुङ अरूको भन्दा फरक व्यवसाय गर्ने सोचसहित स्वदेश फर्किनुभएको थियो। त्यही सोचका साथ विसं २०७० मा १२ वटा बाख्राबाट यो व्यवसायको जन्म भएको हो। "बाख्रा खरिद तथा खोर निर्माणमा रु तीन लाख ५० हजार लगानी गरेको थिए। युवाहरूका लागि नमूना बाख्रा गाउँ अभियानमा जोडिएर अगाडि बढेको थिए हाल महिनामै सुरुको लगानी जसत आम्दानी गरिरहेको छु", गुरुङले सुनाउनुभयो। नमूना बाख्रा गाउँ अभियानका अध्यक्ष सुशील अर्याल गुरुङले गरिरहेको काम फरक र अन्य युवाका लागि पनि अनुकरणीय रहेको बताउनुहुन्छ। "केही फरक सोचसहित काम गरेमा नेपालमै प्रशस्त सम्भावना छ। धेरैलाई बाख्राको दूध पनि उपयोग गर्न सकिन्छ भन्ने थाहा पनि छैन तर उहाँले हाम्रै अभियानबाट त्यसको प्रयोग विधि सिकेर राम्रो गरिरहनुभएको छ", उहाँले भन्नुभयो।

# विद्युत ...

छ। पोखराको लेकसाइड, ड्यामसाइडलगायत पर्यटकीय क्षेत्रमा विद्युत् जाने र आउने गर्दा प्रायः होटल, रेष्टुरेन्ट तथा रिसोर्टहरूमा विद्युतीय उपकरणहरूलाई प्रत्यक्ष असर परेको र नियमित विद्युत् आपूर्ति नहुँदा पर्यटकलाई दिने सेवामा समेत थप असर परिरहेको ध्यानाकर्षणपत्रमा उल्लेख छ।अन्तरराष्ट्रिय पर्यटकीय गन्तव्य पोखरा क्षेत्रमा विद्युत् भूमिगत गर्न खनिएका खाडल लामो समयसम्म राम्रोसँग नपुरिँदा वर्षाको पानीले खाडल पुरिएर नदेखिने अवस्थासँगै केही पुरिएका खाडलमा गुणस्तरीय कार्य हुन नसक्दा दबिने तथा भासिने क्रमले थप दुर्घटना बढेको परिषद्ले जनाएको छ।

"बिजुलीका पोलमा अनावश्यक केवल, इन्टरनेटका तारहरूले 'ब्ल्याक ट्री'को सङ्ज्ञा दिइरहेको छभने कतिपय ठाउँमा काटिएर झुन्डिएका तारले यात्रीहरूलाई त्रासको वातावरण पनि सृजना गरेको छ", ध्यानकर्षणपत्रमा भनिएको छ। पोखरा सफाइ अभियानअन्तर्गत लेकसाइड र ड्यामसाइड क्षेत्रभित्रका अनावश्यक खाडल तथा बाटोमा छरिएका तार हटाउने व्यवस्था मिलाइ नियमित विद्युत् आपूर्तिका लागि पहल गरिदिन परिषद्ले माग गरेको छ।

# नेपाल थाइल्यान्डसँग पराजित

रासस
काठमाडौं, १६ जेठ

पहिलो अन्तरर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा नेपालको महिला राष्ट्रिय फुटबल टोली थाइल्यान्डसँग पराजित भएको छ। थाइल्यान्डको क्लोज डोरमा शुक्रबार भएको खेलमा थाइल्यान्डसँग १-० गोलअन्तरले नेपाल पराजित भएको हो।

पहिलो हाफमा नेपालले थाइल्यान्डलाई गोलरहित बराबरीमा रोकेको थियो। खेलको दोस्रो हाफमा भने थाइल्यान्डले नेपाललाई एक गोल हानेको हो। एएफसी महिला एसियन कप छनोटको तयारीमा रहेको नेपालले थाइल्यान्डविरुद्धको दोस्रो अन्तरराष्ट्रिय मैत्रीपूर्ण खेल यही जेठ १९ गते खेल्ने छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पश्चिम नेपालका सहरमा प्रर्वद्धनात्मक कार्यक्रम गरेर फर्कियो पोखरेली पर्यटन व्यवसायीको टोली

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ

आन्तरिक पर्यटक बोलाउन पश्चिम नेपाल तर्फ प्रस्थान गरेको पोखराका पर्यटन व्यवसायीको एक टोली लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा प्रवद्धनात्मक अन्तरक्रिया एवं अबलोकन भ्रमण गरेर पोखरा फर्किएको छ।




पृथ्वी होटल व्यवसायी समितिको टोलीले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पर्यटन प्रर्वद्धनका विभिन्न अन्तरक्रियात्मक कार्यक्रम गरेर शुक्रबार विहान पोखरा फर्केको हो । 'पोखरा जाऔँ प्रकृतिसंग रमाऔं, पोखरा भ्रमण वर्ष २०२५ सफल पारौं' भन्ने मूल नारासहित भएको प्रर्वद्धनात्मक कार्यक्रम उत्साहजनक रुपमा सम्पन्न गरिएको पृथ्वी होटल व्यवसायी समितिका अध्यक्ष अम्बिका घिमिरे (अमृत) ले जानकारी दिए। भ्रमणका क्रममा लमही होटल व्यसायी समिति, कपिलबस्तुका होटल व्यवसायी, देउखुरीका होटल व्यवसायी, तुलसीपुरका होटल व्यवसायी, कोहोलपुरका होटल व्यवसायी, होटल अर्गनाईजेशन वर्दिया, गुरिया नगरपालिका, बर्दियाका पत्रकारसंग भेटघाट कार्यक्रम गर्दै नेपालगञ्ज, धनगढी, अत्तरिया, महेन्द्र नगर, चिसापानी हुदै स्वर्गद्वारी नगरपालिकासंग अन्तरक्रिया गर्दै टोली पोखरा फर्किएको हो। त्यस क्रममा पोखरा प्राकृतिक र सबै हिसाबले देशकै अत्यन्त महत्वपूर्ण पर्यटकीय स्थल रहेको पोखरा भ्रमण वर्ष २०२५ लाई सफल पार्न आफूहरु पोखरा घुमघामको कार्यक्रम लिएर आउने ति ठाउँका पर्यटन व्यवसायी र जनप्रतिनिधिले प्रतिवद्धता जनाएका उनले बताए।

सोमबार विहान नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेले गरेको विदाई पस्चात सुरु भ्रमणका क्रममा त्यहाँका पर्यटन व्यवसायी, स्थानीय सरकार, उद्योग वाणिज्य संघ र पत्रकार हरुसंग अन्तरक्रिया भएको थियो। देशकै पर्यटकीय राजधानी घोषित पोखरालाई पोखरा महानगरले पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरेको छ। यस अबसरमा पोखराका होटल र रेष्टुरेण्टहरुमा २० प्रतिशत छुट दिइएको र पोखराका अरु पर्यटन संघसंस्थाले समेत विभिन्न प्याकेजमा छुटको घोषणा गरेका छन्। यस विषयमा समेत भ्रमणको अबसरमा जानकारी दिइएको पृथ्वी होटल व्यवसायी समितिका निवर्तमान अध्यक्ष बालकृष्ण न्युरेले जानकारी दिए। समितिकी सल्लाहकार एवं होटल व्यवसायी महासंघ नेपालकी केन्द्रीय सदस्य सुनिता पन्त पौडेलले आफूहरुको प्रर्वद्धनात्मक भ्रमणले पोखराका साथै सिंगो गण्डकी प्रदेशकै प्रर्वद्धनमा सघाउ पुगेको बताइन्। गत वर्ष पृथ्वी होटल व्यवसायी समितिले सम्पूर्ण सदस्य होटल व्यवसायीहरूसंग सहकार्य गर्दै बाग्मती, मधेस र कोशी प्रदेशका विभिन्न पर्यटकीय स्थलहरूमा अध्ययन भ्रमण तथा अन्तरक्रियात्मक कार्यक्रम गरेको थियो।

# सेवानिवृत्त भएपछि शीतलचिनी खेतीमा व्यस्त पराजुली

पोखरापत्र संवाददाता
दमौली, १६ जेठ

यहाँ जिल्लामै पहिलो पटक स्थापना गरिएको मोरिङ्गा (शीतलचिनी) उद्योगबाट उत्पादन सुरु भएको छ । भानु नगरपालिका-१ साजबोटे निवासी गङ्गाबहादुर पराजुलीले स्थापना गर्नुभएको एभरेष्ट मोरिङ्गा उद्योगबाट 'मोरिङ्गा पाउडर' उत्पादन सुरु भएको हो।



सरकारी सेवाबाट अवकाशपश्चात् दुई वर्षअघि उद्योग स्थापना गर्नुभएका उहाँले यस वर्ष पहिलो पटक उत्पादन भएको जानकारी दिनुभयो । ५० रोपनी जग्गा भाडामा लिएर शीतलचिनीको खेती गरेकामा १८० किलोग्राम उत्पादन भएको उहाँले बताउनुभयो । "उत्पादित मोरिङ्गा पाउडरमध्ये १०० किलो लुम्बिनीस्थित मोरिङ्गा एग्रो उद्योगलाई प्रतिकिलो रु एक हजारका दरले बिक्री गरिसकेको छु । बाँकी ८० आफैँले प्याकेजिङ गरेर बिक्री गर्ने तयारी छ", पराजुलीले भन्नुभयो, "जिल्लामै पहिलो उद्योग हो यो। यहाँबाट उत्पादन भएको मोरिङ्गा पाउडरलाई प्रचारप्रसार गर्नुपर्छ भन्ने सोचसहित आफैँले प्याकेजिङ गरेर बिक्री गर्न लागेको छु ।" अवकाशपश्चात् यस खेतीबारे आवश्यक अध्ययन गरेर रु २० लाख लगानीमा उद्योग स्थापना गरेको उहाँले बताउनुभयो । विगतमा झाँडी रहेको जग्गा भाडामा लिएर फँडानी गरी पाँच हजार बोट लगाएर व्यवसाय सुरु गरेको पराजुलीले जानकारी दिनुभयो । उहाँले मोरिङ्गाको पातबाट धुलो बनाएर प्याकेजिङ गर्ने कार्यका लागि घरेलु तथा पर्यटन उद्योग कार्यालयमा उद्योग स्थापना गर्नुभएको छभने उत्पादनका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय काठमाडौँबाट अनुज्ञापत्र अनुमति लिनुभएको छ । "अवकाश भएपछि त्यसै बस्न मन लागेन, त्यसैले उद्योग दर्ता गरेर काम सुरु गरेँ । मोरिङ्गाको धुलो बाहिरी जिल्लाबाट २०० ग्रामका लागि रु ७०० मा आउने रहेछ । जिल्लाभित्रैको उत्पादनलाई प्रोत्साहन गर्नुपर्छ भनेर मैले रु ५०० मात्रै शुल्क निर्धारण गरेको छु", उहाँले भन्नुभयो । पराजुलीले यस कार्यका लागि दुई जनालाई रोजगारी दिनुभएको छ। उत्पादनका बेला भने पात काट्नका लागि छ/सात जनालाई काममा लगाउनु परेको छ। जेठ महिनादेखि कात्तिक महिनासम्म यसको उत्पादन हुने गरेको छ । पोषणतत्व बढी हुने भएकाले यो स्वास्थ्यका लागि फाइदाजनक भएको र विशेष गरी मधुमेह, उच्च रक्तचाप, ग्याष्ट्रिकलगायत बिरामीलाई यसले फाइदा गर्ने उहाँले बताउनुभयो।

# 'घुम्तीगोठमा भेडापालन' बाट आत्मनिर्भर

रासस
म्याग्दी, १६ जेठ

म्याग्दीको रघुगंगागाउँपालिका-७ चिमखोलाकायुवा टिका पुन वैदेशिक रोजगार छाडेर पुर्खाहरूको पेसा 'घुम्तीगोठमा भेडापालन' गरेर आत्मनिर्भर बन्नुभएको छ।

रोजगारको सिलसिलामा कतारमा दुई बर्ष काम गरेपछि घर फर्कनुभएका४१ बर्षी पुनले आफ्नै गाउँमा भेडापालन गर्ने निधो गरेर कतारको रोजगारीलाई त्याग्नुभएको थियो। उहाँले भन्नुभयो, "मरुभूमिको देशमाकाम अनुसारको कमाइ त थियो, खाडी मुलुकमा बगाउने पसिना आफ्नै गाउँका वनजंगल, पाखाबारी र डाँडाकाँडामा बगाउने अठोट गरेर फर्किएको थिए, भेडापालनबाट अहिले घरखर्च चलाउन सजिलो भएको छ, खाडीको रोजगारी भन्दाआफ्नै भेडीगोठको कमाईबाट सन्तुष्ट छु।" पुनले विगत १४ बर्षदेखि घुम्तीगोठमा भेडापालन गर्दै आउनुभएको छ । उहाँलाई भेडीगोठमा उहाँकै छोरा प्रतिक पुनले सहयोग गर्नुभएको छ।

विद्यालयतहको अध्ययन सकेर प्रतिक पनि आफ्नो बुबाले अंगालेको भेडापालन पेसामा लाग्नुभएको हो । गाउँमा परम्परागत रूपमाहुँदै आएको घुम्ती गोठको भेडापालन हराएर जाने अवस्थामापुगेपनिपुनकाबाबु छोराले भेडापालनको पेसालाई जोगाएका छन्। सुरुआतमा रु ६ लाखलगानीमा १५० वडा भेडाखरिद गरेर घुम्तीगोठ सुरु गर्नुभएकापुनको भेडिगोठमा अहिले ३०० भेडा छन्। बर्षमा ७० वटासम्म भेडा, साँड, खसी विक्रिहुने गरेको पुनले बताउनुभयो।

वनजंगल र बुकीका जडिबुटीयुक्त चरन क्षेत्रमापालनगरिने भेडा, साँड र खसीको मागअत्यधिकहुने भएकाले विक्रिकालागिबजारको अभाबहुँदैन्। खासगरीविभिन्नथानहरूमाभाकलपूजाको लागि साँड र बोकाहरूको माग धेरै हुने गर्छ भने दशैँ, तिहारलगायतका ठूला चाडपर्व र विवाह, ब्रतबन्धलगायतका संस्कारजन्यकार्यहरूकालागिखसी र भेडा खरिद गर्न उपभोक्ताहरू गोठमै आउने गरेको पुनले बताउनुभयो । भेडापालनलाई व्यवसायिक र व्यवस्थितगर्न पुनले भेडापालन फर्म नै दर्ता गर्नुभएको छ । भेडापालनमा लागेको बर्षौं भएपनिअहिलेसम्म राज्यबाट कुनै सुविधानपाएको पुनको गुनासो छ । बार्षिक रूपमाफर्मबाट सरकारलाई कर तिर्दै आएपनिआफ्नो भेडिगोठलाई कुनै पनि सरकारी निकायबाट अनुदान र सहयोग प्राप्तनभएको उहाँले बताउनुभयो। परम्परागत रूपमा घुम्ती गोठ राखेर गरिने भेडापालनलाई व्यवस्थित गराउन भेडापालक कृषकहरूले वनजंगलमा घुम्ती गोठको टहरा बनाउनमागगर्दै आएका छन्। भेडीगोठका किसान र हेरालुहरूलाई हिउँदको हिमपात र बर्षातमा लेकाली क्षेत्रकाबुकीमात्रिपाल र भकारीको छाप्रोमुनी कष्टकर तवरले बस्नुपर्ने बाध्यता रहेको छ। अस्थायी टहरा नहुँदा भेडाहरूलाई खुलाआकासमा राख्नुपर्दा बर्षा, हिमपात र चिसोको कारण ठूलो संख्यामा भेडाहरू मर्ने र आर्थिक क्षतिव्यहोर्नु पर्ने बाध्यता रहेको भेडापालक किसानहरू बताउँछन्।पछिल्लो समय घुम्तीगोठको भेडापालन हराएर जानथालेको छ । चिमखोलागाउँमा टिका पुनसंगै जगत पुन र रत्न पुनले समेत घुम्ती गोठको परम्परागत भेडापालनलाई निरन्तरता दिदै आउनुभएको छ। घुम्ती गोठका भेडालाई जेठदेखि लेकाली क्षेत्रमा लैजाने गरिन्छ भने असोज लागेपछि फेदी र बेँसीमागोठ झार्ने गरिन्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पाकिस्तान राजदूतवासद्धारा आयोजित वक्तृत्वकला प्रतियोगितामा पोखराकी प्राप्ति लम्साल प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ

पाकिस्तान राजदूतावास, काठमाडौंको आयोजनामा भएको आठौ वार्षिक वक्तृत्वकला प्रतियोगिता पोखराकी प्राप्ति लम्साल प्रथम भएकी छन्।




"पढाइको भविष्यः किताब कि बाइट्स ? (Books or Bytes: the Future of Learning) विषयमा भएको वक्तृत्वकला प्रतियोगितामा वन विज्ञान अध्ययन संस्था, पोखराकी छात्रा प्राप्ति लम्साले उत्कृष्ट प्रस्तुति दिँदै पहिलो स्थान प्राप्त गर्न सफल भएकी हुन् । उनले नगद ४० हजार, गोल्ड मेडल र प्रमाणपत्र प्राप्त गरेकी छिन्। त्यसैगरी सो प्रतियोगितामा शिवपुरी कलेज काठमाडौंकी रीता काफ्ले दोस्रो र सेंट जेभियर स्कुल जावलाखेलका रितेश देवले तेस्रो स्थान हासिल गरेका छन् । विजेताहरूलाई पदक, नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो। अन्य उत्कृष्ट वक्ताहरूलाई पनि विशेष पुरस्कार वितरण गरिएको थियो। उनीहरुले क्रमश नगद तीस हजार, बीस हजार प्राप्त गरेका छन् । दुतावासले "कृत्रिम बुद्धिमत्ता र मानव जातिको भविष्य" विषयक १२ औं निवन्ध प्रतियोगिता पनि सम्पन्न गरेको थियो । निवन्ध प्रतियोगितामा विवेक निकेतन सेकेन्डरी स्कुलल काठमाडौंका प्रतिक पोखरेल प्रथम, सोही विद्यालयका आयुष शाह दोस्रो र सेन्ट जोसेफ इलिंस एकेडेमीका सन्जोक मगरले तेस्रो स्थान हासिल गरि स्वर्ण रजत र कास्य पदक सहित नगद पुरस्कार प्राप्त गरेका थिए । साथै अन्य उत्कृष्ट १० लाइ पनि नगद पुरस्कार प्रदान गरिएको थियो । दुई सातासम्म चरणबद्ध रूपमा सञ्चालन भई बुधबार एक विशेष समारोहबीच समापन गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि मधेसी आयोग नेपालका संस्थापक प्रमुख आयुक्त डा. विजय कुमार दत्तले पाकिस्तानको शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा भइरहेको सहयोगको प्रशंसा गर्दै यस्ता प्रतियोगिताले नेपाल-पाकिस्तानबीचको सम्बन्ध बलियो बनाउन योगदान पुऱ्याउने बताए । नेपालका लागि पाकिस्तानका राजदूत अब्दुल्ला हारुन अल हाश्मीले युवा विद्यार्थीहरूमा समसामयिक विषयमा चिन्तन गर्ने क्षमता विकास गर्न यस्ता प्रतियोगिता महत्त्वपूर्ण रहेको उल्लेख गरे। विगत १२ वर्ष र ८ वर्ष देखि संचालित यस्ता प्रतियोगिताहरू नेपाली युवामाझ लोकप्रिय बन्दै गएको उनको भनाइ थियो। देशभरका विद्यालय तथा विश्वविद्यालयबाट सहभागिता जनाउँदै आएका विद्यार्थीहरूद्वारा यस्ता प्रतिस्पर्धाले दुई देशबीचको सांस्कृतिक र शैक्षिक सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास गरिएको छ।

# मुस्ताङमा बृहत् साइकल तथा घोडा ऱ्याली उत्सव

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ जेठ

पर्यटन प्रवर्द्धन तथा जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि मुस्ताङको घरपझोङ गाउँपालिकामा शुक्रबार संयुक्त साइकल तथा घोडा ऱ्याली आयोजना गरिएको छ । जलवायु सङ्कटले समग्र मानव सभ्यतामै प्रतिकूल असर पुऱ्याएको अवस्थामा मुस्ताङको घरपझोङ गाउँपालिकाले पहिलो पटक प्रथम साइकल तथा घोडा ऱ्याली आयोजना गरिएको हो।



घरपझोङ गाउँपालिकाको आयोजना तथा साइकल सिटी पोखराको संयोजनमा देशभरका साइकलयात्री टोली मुस्ताङमा यहाँ सहभागी भएका गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभयो। उहाँका अनुसार पहिलो पटक आयोजना गरिएको साइकल ऱ्यालीमा २३ जिल्लाका ३६२ जनाले उत्साहजनक रूपमा सहभागिता जनाएका छन् । "हाम्रो उद्देश्य भनेकै यहाँको पर्यटन प्रवर्द्धन गर्नु हो, दूरदराजमा रहेका गाउँलाई समेत साइकल तथा घोडा ऱ्यालीले चिनाउने हाम्रो ध्येय हो", अध्यक्ष लालचनले भन्नुभयो, "हामीले अपेक्षा गरेभन्दा बढी देशभरबाट साइकल टोली मुस्ताङमा आउनुभएको छ, कार्यक्रममार्फत जलवायु सङ्कट न्यूनीकरण र कार्बन उत्सर्जन कम गर्ने विकल्प प्रस्तुत गर्न खोजेका हौँ।"

समुन्द्री सतहदेखि तीन हजार मिटर अग्लो उचाइमा पदयात्रा गर्न पाउँदा सहभागीहरू निकै नै उत्साहित भएका छन् । कपिलवस्तुबाट सहभागी वाराङ्गा साइकल राइडर विष्णुप्रसाद सापकोटाले मुस्ताङमा पहिलो पटक साइकलयात्रा गर्न आएको जानकारी दिनुभयो । यहाँको पर्यटन प्रवर्द्धन तथा वातावरण स्वच्छताका साथै साइकल संस्कृतिको विकासमा टेवा पुऱ्याउने गरी साइकल सिटी पोखराको समन्वयमा मुस्ताङ आइपुगेको उहाँले बताउनुभयो । "हिमालै हिमाल भएको मुस्ताङमा साइकल यात्रा गर्न पाउँनु अहोभाग्य हो । यति ठूलो कार्यक्रम यहाँ आयोजना हुँदा यहाँको पर्यटन संस्कृतिको विकासका साथै जलवायु सङ्कट न्यूनीकरण गर्न धुवाँ, धुलो र इन्धनरहित सवारीसाधन प्रयोगमा अभिप्रेरित गर्ने पनि हामीहरूको उद्देश्य हो", राइडर सापकोटाले भन्नुभयो। साइकल चढ्ने संस्कृतिले मानवस्वास्थ्य सहयोग पुग्ने, कार्बन उत्पादन घटाउने र आर्थिक विकासमा समेत टेवा पुऱ्याउने साइक्लिङ क्लब नेपालगञ्जका सल्लाहकार रमेश मल्लले बताउनुभयो । "हामी त १५० मिटरको उचाइमा थियौँ, यहाँको उचाइ त तीन हजारभन्दा बेसी रहेछ । केही अक्सिजनको कमी महसुस भए पनि यहाँको सौन्दर्यले सबै बिर्साइदिएको अनुभूति भएको छ", उहाँले भन्नुभयो । घोडा र साइकल संस्कृतिले पर्यावरण जोगाउन निकै ठूलो योगदान पुऱ्याउने मल्लको भनाइ छ । स्थानीय कर्म गुरुङले जलवायु सङ्कट न्यूनीकरणसँग जोडेर पर्यटन प्रवर्द्धन गर्ने यस खालको कार्यक्रमले महत्वपूर्ण सन्देश प्रवाह भएको धारणा राख्नुभयो। "मुस्ताङमा महत्वपूर्ण चाडपर्व यार्तुङ, तिजी र धज्याङ पर्वहरूमा घोडा चढेर दौडने र तारो हान्ने खेल खेलिन्छ, यो हाम्रो संस्कृति र मौलिकता पनि हो", उहाँले भन्नुभयो, "पछिल्लो समय जलवायु सङ्कटका कारण हिमालहरू निकै जोखिममा छन्, यसले यहाँको पारिस्थितिक प्रणाली र कृषि, पर्यटन र वातावरण क्षेत्रमा प्रत्यक्ष/अप्रत्यक्ष क्षति परिरहेको छ।"

यसअघि गण्डकी प्रदेशसभा सदस्य विकल शेरचन र गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले प्रथम साइकल तथा घोडा ऱ्यालीको संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो । सहभागी टोलीलाई मुस्ताङको जोमसोम, ठिनी, ढुम्बा, छैरो, चिमाङ, मार्फा, स्याङ र पुथाङ एअरपोर्टका आमा समूह, क्लब र स्थानीयले स्वागत गरेका थिए। गाउँपालिकाअन्तर्गतका पाँचवटै वडाका गाउँ परिक्रमा गर्ने गरी कुल २५ किलोमिटर दूरी तय गरिएको थियो। ऱ्याली पाँचवटै वडा परिक्रममा गरी गाउँपालिका कार्यालयमा पुगेर समापन भएको प्रमुख प्रशासकीय अधिकृत बेदहरि अधिकारीले जानकारी दिनुभयो । ऱ्यालीमा ३६२ साइकल र ३० वटाभन्दा बढी घोडाको प्रयोग भएका थिए।


## विमालेख हरायो

यहि मिति २०८२/०१/०२ गतेपृथ्वीचोक बाट महेन्द्रपुल जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीमा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं. को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमितको नामः नीति वास्तोला
विमालेख नं. ४०७०००००१४३२
सम्पर्क नं. ९८४५५३३३०६, ०६१५५३६५२

# अन्नपूर्ण आरोहण हीरक जयन्तीको तयारी अन्तिम चरणमा

रासस
म्याग्दी, १६ जेठ

अन्नपूर्ण प्रथम हिमाल सफल आरोहण भएको ७५ वर्ष पुगेको अवसरमा मनाउन लागिएको हीरक जयन्तीमा सहभागी हुन विदेशी पाहुनाहरू नेपाल आइपुगेका छन् ।

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आधार शिविर अवस्थित म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा यही जेठ १७ गतेदेखि सुरु हुने हीरक जयन्तीमा सहभागी हुन प्रथम आरोही मौरिस हर्जोगका परिवारका सदस्यहरूसहित १४ जना विदेशी पाहुना नेपाल आएका हुन् । काठमाडौँमा बिहीबार आएका उनीहरू आज पोखरा र शनिबार नाच्याङमा आइपुग्ने अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

"प्रथम आरोही मौरिसका छोरा माथिएस, नाति इथेन हर्जोगलगायत फ्रान्सका छ, बेलायतका तीन, भारतका पाँच र इटलीका एक जना पाहुना सरकारको निमन्त्रणामा हीरक जयन्तीको कार्यक्रममा सहभागी हुन आउनुभएको हो", उहाँले भन्नुभयो, "प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा हुने हीरक जयन्तीका सम्पूर्ण कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको छ।" फ्रान्सेली पर्वतारोही मौरिस र लुइस लाचेनले अक्सिजनबिनै सन् १९५० जुन ३ मा अन्नपूर्ण



हिमालको सफल आरोहण गरेको ७५ वर्ष पूरा भएको अवसरमा जेठ १७ देखि २२ गतेसम्म विविध कार्यक्रम गरेर हीरक जयन्ती मनाउन लागिएको हो ।

यसअघि अन्नपूर्ण आरोहण दिनको अवसरमा सरकारी तवरबाट पोखरा र काठमाडौँमा समारोह आयोजना हुँदै आएका थिए । आठ हजार मिटरभन्दा अग्ला हिमालमध्ये अन्नपूर्णमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ । सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिस हर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो । हीरक महोत्सवका अवसरमा अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित अन्नपूर्ण आधार शिविरबाट सुरु हुने म्याराथन दौड प्रतियोगिताको उद्घाटनसँगै मूल समारोहमा सहभागी हुन प्रधानमन्त्री आउने निश्चित भएको गाउँपालिका अध्यक्ष पुनले जानकारी दिनुभयो ।

उहाँका अनुसार, प्रधानमन्त्रीले आधार शिविरमा प्रथम आरोही मौरिस हर्जोग, लुइस लचेनल र नेपाली आरोही सोनाम वाङ्चुक शेर्पाको सालिक अनावारण गर्नुका साथै आधार शिविरमा निर्माण भएको खुला सङ्ग्राहलय र नारच्याङबाट आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको उद्घाटन गर्ने कार्यक्रम तय भएको छ ।

अन्नपूर्ण गाउँपालिकाको नेतृत्वमा पर्यटन बोर्ड, पर्वतारोहण सङ्घ, टान, एक्याप र अन्नपूर्ण गाउँपालिका पर्यटन विकास समितिको आयोजनामा हीरक जयन्ती मनाउन लागिएको हो । अन्नपूर्ण हीरक जयन्तीका अवसरमा ३० किलोमिटर लामो दूरीको म्याराथन दौड प्रतियोगिता हुने भएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः नगद रु ५० हजार, ३० हजार र २० हजार पुरस्कार प्रदान गरिनेछ ।

उक्त अवसरमा आधार शिविरमाशिलाखेलमाआरोहीहरूको अभिलेख राख्ने तयारी गरिएको अन्नपूर्ण गाउँपालिका पर्यटन विकास समितिका सदस्य एवं अन्नपूर्ण प्रथम आधार शिविर पदमार्गका अभियन्ता तेज गुरुङले बताउनुभयो ।

नारच्याङमा हुने मूल समारोहमा अन्नपूर्ण गाउँपालिकाका आठवटै वडाको सहभागितामा पुर्ख्यौली नृत्य तथा झाँकी प्रदर्शनी, खुला नृत्य प्रस्तुतिसँगै अन्नपूर्ण हिमालका विदेशी तथा नेपाली आरोही र यस हिमालको प्रचारप्रसारमा योगदान दिने व्यक्तिलाई सम्मान तथा पुरस्कार वितरणलगायतका कार्यक्रमलाई समावेश गरिएको आयोजकले जनाएको छ ।

त्यसैगरी हीरक महोत्सवकै अवसरमा प्रथम आरोही हर्जोगले प्रयोग गरेका उपकरण उहाँका परिवारबाट नेपाल पर्वतारोहण सङ्घद्वारा सञ्चालित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरालाई हस्तान्तरण गर्ने र हर्गोजले लेखेर फ्रान्सेली राजदूतावासले अनुवाद गरेको पुस्तक 'द अन्नपूर्ण'को विमोचन गर्ने कार्यक्रमसमेत तय भएको छ ।

# काँक्रोको बीउबाट मनग्य आम्दानी

पोखरापत्र संवाददाता
पर्वत, १६ जेठ

पर्वतका विभिन्न गाउँमा काँक्रोको बीउका लागि व्यावसायिक रुपमा खेती भइरहेको छ ।

किसानले काँक्रोको बीउबाट मनग्य आम्दानी लिन थालेका छन् । गत वर्ष फागुनको पहिलो साता लगाएको भक्तपुरे लोकल जातको काँक्रो पाकेर अहिले फाँटैभरि पहेँलपुर छ । अत्यधिक बढेको गर्मीसँगै कृषकलाई काँक्रो टिपेर बीउ निकाल्न भ्याइनभ्याइ भएको हो । बिहादी गाउँपालिका-१ बाच्छा, फलेवास नगरपालिका-११ पाङराङ, वडा नं १० कुर्घा, वडा नं ७ लिमिठाना, वडा नं ६ देवीस्थान र वडा नं ५ खानीगाउँ तथा जलजला गाउँपालिका-४ खोलाखेत र वडा नं ७ धाइरिङका कृषकले व्यावसायिक रुपमा काँक्रोको बीउ उत्पादन गर्दै आएका छन् । अनुकूल मौसम र हावापानीका कारण विगतका वर्षहरूमा भन्दा यस वर्ष काँक्रोको उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ । फलेवास नगरपालिका-११ पाङराङमा ७२ कृषकले व्यावसायिक रुपमा काँक्रोखेती गर्दै आएका छन् । यो गाउँमा गत वर्ष बीउ बिक्रीबाट रु ६ करोड भित्रिएको र गत वर्षभन्दा यस वर्ष अझै उत्पादन बढ्ने स्थानीय बाबुराम भुसालले बताउनुभयो । यस्तै बिहादी गाउँपालिका-१ बाच्छामा मात्रै कृषकले २०० रोपनी क्षेत्रफलमा बीउका लागि काँक्रोको



खेती गरेका छन् । बाच्छामा बीउ काँक्रोको व्यावसायिक उत्पादनमा लागेको सिर्जनशील कृषक समूहले मात्रै १०० रोपनीमा काँक्रो लगाएको छ । कृषक समूहका अध्यक्ष शिवकुमार क्षेत्रीका अनुसार २८ कृषक उक्त समूहमा आबद्ध छन् । गत वर्ष काँक्रोको बीउ प्रतिकिलो रु १३ हजारका दरले बिक्री गरिएको थियो । अहिले पनि काठमाडौँ, पोखरा, बुटवललगायतका स्थानबाट काँक्रोको बीउको माग भइहेको छ । मूल्य भने तोकिएको छैन । कृषक क्षेत्रीले १७ रोपनी क्षेत्रफलको जग्गामा काँक्रोको खेती गरी कम्तीमा पनि १०० किलोभन्दा बढी काँक्रोको बीउ उत्पादन हुने बताउनुभयो । यसैगरी जलजला गाउँपालिका-७ धाइरिङको सल्यानका कृषकले गत वर्ष काँक्रोको बीउ बेचेर रु तीन करोड आम्दानी गरेका थिए । यस वर्ष अझै वृद्धि हुने अनुमान गरिएको स्थानीय टुङ्गनाथ आचार्यले बताउनुभयो । कृषि ज्ञान केन्द्र पर्वतका वरिष्ठ कृषि विकास अधिकृत पर्शुराम अधिकारीले काँक्रोको बीउखेती गरिएको जग्गाको क्षेत्रफल २०० रोपनीले वृद्धि भएको र मौसम पनि अनुकूल भएको हुँदा यस वर्ष जिल्लाभरबाट कम्तीमा पनि रु आठ करोड रकम बराबरको काँक्रोको बीउ उत्पादन हुने अनुमान गरिएको बताउनुभयो । कृषि ज्ञान केन्द्र पर्वतले कृषकलाई तालिम दिनुका साथै बीउ खरिदमा ५० प्रतिशत अनुदान दिएको छ भने मल विषादी र कृषि सामग्री खरिदमा समेत ५० प्रतिशतसम्म अनुदान सहयोग गरेको प्रमुख अधिकारीले बताउनुभयो ।

अहिले काँक्रो टिप्ने र बीउ निकाल्ने तथा सुकाएर थन्क्याउने काम भइरहेको छ । असार दोस्रो सातापछि व्यापारीलाई बिक्री गरिने कृषकले बताएका छन् । यहाँको बीउ नार्क तथा निमाकोललगायतका संस्थाले लैजाने गरेका छन् ।

# सगरमाथा आरोही शेर्पा नगदसहित सम्मानित

रासस
काठमाडौं, १६ जेठ

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरले मिर्गौला प्रत्यारोपणपश्चात सगरमाथाको सफल आरोहण गर्ने कीर्तिमानी आरोही सोलुखुम्बुको माप्य दूधकोशी गाउँपालिका-७ सोलावनका ३६ वर्षीय पेम्बा शेर्पालाई नगदसहित सम्मान गरेको छ ।

शुक्रबार भक्तपुरस्थित केन्द्रमा आयोजना गरेको सम्मान कार्यक्रममा अस्पतालका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले सगरमाथा आरोही शेर्पालाई रु एक लाख ५० हजारसहित सम्मान पत्र प्रदान गर्नुभएको हो । केन्द्रबाट बाजागाजासहित भक्तपुर दरवार स्क्वायरसम्म पदयात्रा गरी विशेष सम्मान गरिएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले शेर्पालाई सम्मान गर्दै मिर्गौला प्रत्यारोपण गरेको पहिलो सगरमाथा आरोहण गर्ने शेर्पाले विश्वमै पहिलो रेकर्ड कायम गरी नयाँ इतिहास रचेकोको बताउनुभयो । मन्त्री पौडेलले शेर्पा र उहाँको परिवारलाई सम्मान गर्दै अङ्ग प्रत्यारोपण गरेको व्यक्तिले अरू व्यक्ति जस्तै समान्य जीवन बिताउन सक्छ भन्ने सन्देश अन्य सेवाग्राहीहरू माझ पुऱ्याउन आवश्यक रहेको बताउनुभयो ।

शेर्पाको सफलताले नेपाल र नेपालीको शीर उच्च पार्ने ऐतिहासिक कदम भएको भन्दै मन्त्री पौडेलले पेम्बा शेर्पालाई प्रत्यारोपण प्रवर्द्धन दूतका रुपमा नियुक्त गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सगरमाथा आरोहण गर्नका लागि नाम दर्ता गर्न लाग्ने शुल्क केन्द्रले ब्यहोरिदिने प्रतिबद्धता व्यक्त गरेअनुसार दर्ता शुल्क वापतको रकम आजको सम्मान कार्यक्रममा प्रदान गरी सम्मान गरेको कार्यक्रममा केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले बताउनुभयो । उहाँले पेम्बालाई हिमाल चढ्न मिल्छ भनेर आफूले प्रेरणा दिएको र मिर्गौला प्रत्यारोपण गरेको व्यक्ति हिमाल चढ्न मिल्छ कि मिल्दैन भनेर पेम्बाले सोध्न आउँदा अरू जस्तै सामान्य जीवनयापन भएकाले सगरमाथा चढ्न जाँदा हुन्छ भनेर सल्लाह दिएको स्मरण गर्नभयो । कार्यक्रममा आरोही शेर्पाले भन्नुभयो, "मृत्युबाट उम्केर बल्लतल्ल नयाँ जीवन पाएको मान्छे फेरि मृत्युको मुखमा किन जान्छस् भनेर धेरैले सम्झाउँदा पनि अरूसँग सहयोग जुटाइ २५-३० लाख खर्च गरेर सगरमाथा चढ्न खोजेको देख्दा धेरैले असम्भव कार्यको लागि बढी जिद्धी नगर भन्दै सुझाव दिएको बताउनुभयो ।" उहाँले सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रबाट आफूले पाएको मायाँ र उच्च मनोवलका साथ आफू सगरमाथा आरोहण गर्न सक्षम भएको प्रमाणित गर्न दृढ सङ्कल्पित भएको भन्दै यस आरोहणको सफलताले आफूमा साहस र आत्मविश्वास बढेको बताउनुभयो । कार्यक्रममा आरोही शेर्पाले यस आरोहणले आफूमा साहस र आत्मविश्वास झनै बढेको र आगामी दिनमा विश्वको सातवटै महादेशको उच्च शिखरहरू आरोहण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा अस्पतालका डा कल्पना श्रेष्ठसहित अन्य डाक्टरलगायतले खादा ओढाएर शेर्पालाई सम्मान गर्नुभएको थियो ।

वैदेशिक रोजगारीका क्रममा मिर्गौला फेल भएको पत्ता लागेपछि स्वदेश फर्किउनुभएका शेर्पाले २०७९ कात्तिक २ गते सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा डा पुकारचन्द्र श्रेष्ठको नेतृत्वको टोलीबाट मिर्गौला प्रत्यारोपण गराउनुभएको थियो । सगरमाथा आरोही शेर्पाले यस आरोहणले आफूमा साहस र आत्मविश्वास झनै बढेको र आगामी दिनमा विश्वको सात वटै महादेशको उच्च शिखरहरू आरोहण गर्ने कुरा बताउनुभयो । सन् २००२४ मार्च २२ मा लोबुचे हिमाल आरोहण गर्नुभएका उहाँले गत मे १४ मा सफलतापूर्वक सगरमाथा आरोहण गरि कीर्तिमान कायम राख्नुभएको थियो ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।०२।१७ गते**

**यस कम्पनीको मिति २०८२/०१/३० मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी ब्रदर्श एजुकेशनल कन्सल्टेन्सीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नुपर्ने, व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०२/०५ को निर्णय अनुसार कम्पनीको नाम परिर्वतन गरी मिदोरी एजुकेशनल कन्सल्टेन्सी कायम गरिएको जानकारी गराइन्छ ।**

**साविकको नाम: ब्रदर्श एजुकेशनल कन्सल्टेन्सी**
**संशोधित नाम: मिदोरी एजुकेशनल कन्सल्टेन्सी**
(Midori Educational Consultancy Private Limited)


# देवीखोला-खहरे-बिरुवा सिँचाइ योजनाबाट एक सय घरपारिवार लाभान्वित

पोखरापत्र संवाददाता
तनहुँ, १६ जेठ

आकाशे पानीको भरमा मात्रै खेती गर्नुपर्ने अवस्था रहेको जिल्लाको बन्दीपुर-४ स्थित खहरे-बिरुवा क्षेत्रमा अब बाह्रै महिना सिँचाइ सुविधा हुने भएको छ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको सहयोगमा देवीखोला खहरे बिरुवा सिँचाइ योजना सम्पन्न भएपछि यहाँका करिब एक सय घरपरिवार लाभान्वित भएका छन् । सिँचाई सुविधा पुगेपछि मौसमी र बेमौसमी तरकारी उत्पादनका साथै अन्य बाली लगाउन सहज हुने देवीखोला-खहरे-बिरुवा सिँचाइ उपभोक्ता समितिका अध्यक्ष हरिकाशी गुरुङले जानकारी दिनुभयो । "गत वर्ष मुहानमा च्याम्बर निर्माण गरी २ नं ट्याङ्कीसम्म एक हजार ८०० मिटर लामो ११० एमएमको पाइप जडान गरिएको छ," अध्यक्ष गुरुङले भन्नुभयो, "पहिलो वर्ष २ नं टयाङ्की निर्माण गरी तीनवटा गेटवाल राखेर २० वटा धारा जडान गरिएको थियो ।"

उहाँले भन्नुभयो, "यस चालु वर्षमा १ नं टयाङ्की निर्माण गरी चारवटा गेटवाल राखेर २८ वटा धारा जडान गरिएको छभने यसै वर्ष दुईवटा धारा थप गरी ५० वटा धारा पुऱ्याइएको छ ।" एक लाख ८० हजार लिटर क्षमताका दुईवटा रिजर्भ टयाङ्की निर्माण गरी पानी सङ्कलन गरेर धाराबाट सिँचाइको व्यवस्था मिलाइएको छ ।

उक्त योजनाबाट ३०० रोपनी क्षेत्रफल सिञ्चित हुने बताइएको छ । योजना सम्पन्न गर्नका लागि सिँचाइ डिभिजन कार्यालयबाट गत वर्ष रु ४५ लाख र यस वर्ष २५ लाख गरी रु ७० लाख बजेट विनियोजन भएको उपभोक्ता समितिकी सचिव सीता रानाले बताउनुभयो ।

आगामी वर्षका लागि रु १० लाख बजेट विनियोजन गरी सत्र वटा थप धारा निर्माण गर्ने योजना रहेको सो कार्यालयले जनाएको छ । समयमै सम्झौता गरी समयमै निर्माण कार्य सम्पन्न गरिएको कार्यालय प्रमुख मोहनराज आचार्यले जानकारी दिनुभयो ।

"आकाशेपानीको भर पर्नु पर्दैन," प्रमुख आचार्यले भन्नुभयो, "नयाँ प्रविधिमा आधारित सिँचाइ योजनाले अब बाह्रै महिना सिँचाइमा सजिलो बनाइदिएको छ।" उहाँका अनुसार फलफूलजन्य र तरकारीजन्य उत्पादनमा प्रोत्साहन गर्दै नमूना कृषि फार्मका रूपमा विकास गर्न सिँचाइले बाटो खोलिदिएको छ।


## Bheerkot Municipality
## Bayarghari, Syangja
## Gandaki Province, Nepal

## Invitation for Electronic Bids

**Date of Publication: 2082/02/16**

1. Bheerkot Municipality, Bayarghari, Syangja invites electronic bids from Nepalese eligible bidders for the procurement of goods mentioned in table below under sealed quotation procedures.

| Contract ID | Name of Project | Bid Security Amount (NRs.) | Cost of bid Document (NRs.) | Last date of bid submission |
|---|---|---|---|---|
| BM/PMT/SQ/ 02/081-82 | Procurement of Mini tiller for Bheerkot Municipality | 45,000.00 | 1000.00 | 2082/03/01 12:00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bheerkot Municipality Bayarghari,Syangja ph no. 063-400106or may visit PPMO website www. bolpatra.gov.np/egp.

Chief Administrative Officer